बैठक संख्या :- १५७
मिति :- २०८१।०१।३१, सोमवार
समय :- बिहान ७:०० बजे

कमलामाई नगरपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुमन कुमार कार्की | सचिव (प्र.प्र.अ.) |

बैठक संख्या :- १५७
मिति :- २०८१/०१/३१ (सोमबार)
समय :- बिहान ७:०० बजे

**प्रस्तावहरु :**

१. परिचयात्मक कार्यक्रम,
२. नगरप्रमुखको चीन भ्रमण सम्बन्धमा,
३. शिक्षक/कर्मचारी व्यवस्थापन सम्बन्धमा,
४. घटुवा गरेका विद्यालयका कक्षा यथावत राख्ने सम्बन्धमा,
५. विद्यालय मर्ज गर्ने सम्बन्धमा,
६. कक्षा अपग्रेड सम्बन्धमा,
७. विद्यालय भौतिक पूर्वाधार सर्वेक्षण र नक्शाङ्कन सम्बन्धमा,
८. नेवा खानेपानी सम्बन्धमा,
९. सिटिहल सम्बन्धमा,
१०. गैरी बजारको घर निर्माण सम्बन्धमा,
११. वि.पी. राजमार्गको सडक चाडाई तोक्ने सम्बन्धमा,
१२. विपत व्यवस्थापन राहत प्याकेज सम्बन्धमा,
१३. ज्यालादारीमा कर्मचारी नियुक्ति सम्बन्धमा
१४. अनुमति सम्बन्धमा

कमलामाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सिन्धुली, बागमती प्रदेश

**मिति २०८१ वैशाख ३१ गते बसेको १५७ औं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं. १ :** परिचयात्मक कार्यक्रम ।

**निर्णय :** प्रमुख प्रशासकीय अधिकृत सुमन कुमार कार्की तथा नगर कार्यपालिका सदस्यहरु बीच परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।

**प्रस्ताव नं. २ :** नगर प्रमुखको चीन भ्रमण सम्बन्धमा ।

**निर्णय :** जनवादी गणतन्त्र चीनको हेवेई प्रान्त स्थित म झान्जिआकाउ सिटीको आमन्त्रणमा यस कमलामाई नगरपालिका सिन्धुलीका नगरप्रमुख श्री उपेन्द्र कुमार पोखरेल May 15 2024 देखि May 23, 2024 सम्म जम्मा ९ (नौं) दिन झान्जिआकाउ शहरको Educational Exchange, Technology Learning and Cultural Exchange कार्यक्रममा सहभागी हुनु हुने भएकोले उक्त अवसर प्रदान गर्न सहजीकरण गरी दिने नेपाल सरकार, जनवादी गणतन्त्र चीनको हेवेई प्रान्त र झान्जिआकाउ सिटी अधिकारीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :** शिक्षक/कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

**निर्णय :** कमलामाई अन्तर्गतका एक आपसमा गाभिएका तथा कक्षा घटुवा गरेका विद्यालयका शिक्षक, विद्यालय कर्मचारी, रिक्त रहेका दरबन्दी मिलान तथा व्यवस्थापन तपसिल अनुसार गर्ने ।

**कमलामाई नगरपालिकाअन्तर्गतका मर्ज भएका तथा कक्षा घटुवा गरेका विद्यालयका शिक्षक, कर्मचारी, रिक्त रहेका दरबन्दी को व्यवस्थापन गर्न प्रस्तावित विवरण**

| क्र.सं. | विद्यालयको नाम | व्यवस्थापन हुने शिक्षक तथा कर्मचारीको नाम | किसिम | व्यवस्थापनहुने प्रस्तावितविद्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री पञ्चकन्या प्राथमिक विद्यालय. ऐसेलुजङ्गार | मञ्जु दाहाल कोइराला | प्रा.शि. द्वितीय | गौमती मा.वि. माढीबजार | |
| | | चन्द्रा कुमारी थापा | प्रा.शि. द्वितीय | सिद्धबाबा मा.वि. पानीट्याङ्की | |
| | | शान्ती सारु | बालविकास | गौमती मा.वि. माढीबजार | |

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | मगर | | | |
| | | बिष्णु माया देवकोटा | का.स. | गौमती मा.वि. माढीबजार | |
| २ | नमोबुद्ध प्राथमिक विद्यालय तेर्सेखड्कुले | गोमा दर्लामी | शिक्षक राहत | सहिदप्रा.वि. पन्नेसी | |
| | | अञ्जु कुमारी स्याङतान | बालविकास | प्राथमिक विद्यालय फाल्चुरी खट्टार | |
| | | टिका कार्की | का.स. | चन्द्रादेवी आ.वि. सिरुडाडा | |
| ३ | कुसुमप्रा.वि.कुसुमटार | उषाथिङ | शिक्षक राहत | गौमती मा.वि. माढीबजार | |
| | | विशाल मोक्तान | शिक्षक राहत | मनकामना प्रा.वि. जरायोटार | |
| | | समिला बम्जन | का.स. | पञ्चकन्या मा.वि. कुडुले | |
| ४ | देउराली प्रा.वि. सातपत्रे | कमला घिमिरे | प्रा.शि. द्वितीय | जनज्योति मा.वि. फोस्रेटार | |
| ५ | प्रा.वि. बाटो निगाले | कमला श्रेष्ठ | बालविकास | देउराली प्रा.वि. सातपत्रे | |
| ६ | बम्वेश्वर आ.वि. खट्टार | अम्बर राज थिङ | प्रा.शि. द्वितीय | जनज्योति प्रा.वि. कोप्चे | |
| ७ | प्रा.वि. फाल्चुरी खट्टार | चन्द्रमान बम्जन | प्रा.वि. तृतीय | बम्वेश्वर आ.वि. खट्टार | |
| ८ | कमला जनज्योति आ.वि. खोरिया | शुसिला तामाङ | प्रा.वि. तृतीय | प्रा.वि. फाल्चुरी खट्टार | खोरियाको दर्बन्दी कट्टाहुने |
| ९ | लाली गुराँस प्राथमिक विद्यालय घैयाडाँडा | विजयकुमार पंडित | प्रा.वि. तृतीय | कुण्डेश्वर मा.वि. बेसारेबेसी | हाललाई काजमा राख्ने, कुण्डेश्वरको दरबन्दीखाली भएपछि सो दरबन्दी घैयाडाडा पठाउर्ने। |
| १० | लाली गुराँस प्राथमिक विद्यालय घैयाडाडा | | बालविकास | कालिका मावि धमिलेजरायोटार | घैयाडाँडामा शिक्षकपदपुर्ति भएपछि मात्रत्याहाँ कार्यरत बालविकास सहजकर्ता लाई सरुवा गर्ने |
| ११ | प्रा.वि. हातीगौडा | कल्पना थिङ | बालविकास | सिद्धबाबा मा.वि. पानीट्याङकी | |
| १२ | प्रा.वि. हातीगौडा | कल्पना थापा | शिक्षक राहत | सिद्धबाबा मा.वि. पानीट्याङ्की | |
| | | यज्ञ बहादुर जर्गा | का.स. | जनजागृतिमा.वि. टंसार | |
| १३ | ज्ञानमाला प्राथमिक | निर्मला आचार्य | बालविकास | जलकन्यामा.वि. चपौली | |



कुमार कार्की
...त अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय गौतम टोल | एकनाथ गौतम | का.स. | जलकन्यामा.वि. चपौली | |
| १४ | श्री जनजागरण प्रावि छतिवन | श्री तेजबहादुर मगर | राहत | श्री कालिकामाविधमिलेजरायोटार | बहुकक्षाबहुस्तर कक्षा सञ्चालन गर्नका लागि |
| | | श्री सुनिता बस्नेत | राहत | श्री कालिकामाविधमिलेजरायोटार | बहुकक्षाबहुस्तर कक्षा सञ्चालन गर्नका लागि |
| १५ | श्री शिखर माविवेल्टार | डोर बहादुर बस्नेत | विद्यालय सहयोगी | श्री कमलाजनज्योतिमाविसिलामे | कमलाजनज्योतिमाविआवासीयविद्यालय सञ्चालनभएकोले |
| १६ | श्री देउराली प्रावि सातपत्रे | गंगा कुमारी लुईटेल | बाल विकास | श्री जनज्योतिमाविफोस्रेटार | जनज्योतिमाकामकाजमा रहेकोले सोहीविद्यालयमापदसथापना गर्ने |
| १७ | कमल कन्या प्राथमिक विद्यालय माझवोहारे | चिनाथिङ | शिक्षक राहत | जनजागृतिमा.वि. निबुवाटार | |
| १८ | लाली गुराँस प्राथमिक विद्यालय .मझिनीदमार | सविता बस्नेत | प्रा.शि.तृतीय | शंखरेश्वर मा.वि.जखनी | |
| १९ | प्रा.वि. कवासे | प्रेमकुमारी मगर | बालविकास | कुण्डेश्वर मा.वि.बेसारेवेसी | |
| २० | कालिका मावि धमिलेजरायोटार | रमनकुमार फुयाल | निमावि दितयि | जनज्योति मावि फोस्रेटार | रक्त रहेको निमावि राहत कोटा कालिका मावि धमिलेजरायोटारमा कायम गर्ने |
| २१ | सहिदप्रा.वि. पन्नेसी | निर कुमारी चालिसे | शिक्षक राहत | नवज्योतिबहिरा मा.वि. जसेदमार | |
| २२ | लालीगुराँस प्राविमझिनिदमार | घनश्याम देवकोटा | प्रा.वि. द्वितीय | सरस्वतीप्राविशाखाजोर | दरबन्दी सहितकाम काज गर्न |
| २३ | रक्तमालाप्राथमिकविद्यालय भञ्ज्याङ्पोखरी | हेमकुमारी चापागाँई | शिक्षक राहत | जलकन्यामा.वि.चपौली | |



प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ४ : घटुवा गरेका विद्यालयका कक्षा यथावत राख्ने सम्बन्धमा ।

निर्णय : कमलामाई नगरपालिकाको निर्णय अनुसार तपसिलका विद्यालयमा विद्यार्थी संख्या कम भई यस अधि कक्षा घटुवा गरेका तपसिलका विद्यालयहरुका विद्यार्थी अर्को विद्यालयमा जानको लागि भौगोलिक अवस्थाले कठिनाई हुन गएको र बालबालिकाहरु अर्को विद्यालय जान नसकी विद्यालय छोड्ने अवस्था सिर्जना भएको हुँदा नगर कार्यपालिकाको मिति २०८०।११।१६को बैठकले कक्षा ५ सम्म घटुवा गर्ने निर्णय गरेकोमा यस वर्ष विद्यार्थी सङ्ख्या बृद्धि गर्न् सकेमा यथावत राख्ने र विद्यार्थी सङ्ख्या बृद्धि गर्न नसकेमा शैक्षिक सत्र २०८२ देखि स्वत: कक्षा ५ मा घटुवा हुने निर्णय गरियो ।

तपसिल

क. श्री आधारभूत विद्यालय बाँसकटेरी – कक्षा इसिडि देखि कक्षा ८ सम्म यथावत राख्ने

ख. श्री बम्बेश्वर आधारभूत विद्यालय बुक्तिखट्टार – कक्षा इसिडि देखि कक्षा ८ सम्म यथावत राख्ने

प्रस्ताव नं. ५ : विद्यालय मर्ज सम्बन्धमा ।

निर्णय : विद्यार्थी सख्या अति नै न्यून भएका र नजिकै अर्को विद्यालय भएका तपसिलका विद्यालयहरुलाई अर्को विद्यालयमा गाभ्ने निर्णय ।

तपसिल

| क.सं. | मर्ज हुने विद्यालयको नाम | मर्ज भई गएको विद्यालयको नाम | कैफियत |
|---|---|---|---|
| १. | जनजागरण प्रावि छतिवन | कालिका मावि धमिलेजरायोटार | विद्यार्थी संख्या कम भएको, अर्को विद्यालयको दूरी पनि नजिक भएको । |

प्रस्ताव नं. ६ : कक्षा अपग्रेड सम्बन्धमा ।

निर्णय : वमलामाई नगरपालिका अन्तरगतका सामुदायिक तथा संस्थागत विद्यालयहरुले कक्षा अपग्रेडको लागि दिएको निवेदन अनुसार तपसिलका विद्यालयहरुको स्थलगत अनुगमन गरी आवश्यकता रऔचित्यताका आधारमा नगर शिक्षा ऐन २०७५ ( संसोधन सहित) र नगर शिक्षा नियमावलीले तोकेका मापदण्ड पूरा गर्ने गुरी तपसिलका विद्यालयहरुलाई कक्षा अपग्रेडका लागि अनुमति दिने ।

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

| क्रसं | विद्यालयको नाम | सन्चालित कक्षा | थप गर्न खोजेको कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | गाइड ईइलिस वोर्डिङ स्कूल | ९ | १० | पुनः अनुगमन गर्नु पर्ने |
| २ | समता ईइलिस वोर्डिङ स्कूल | ५ | ६ | |
| ३ | मधुगंगा ईइलिस वोर्डिङ स्कूल | ४ | ५ | |
| ४ | न्यू स्टार ईइलिस वोर्डिङ स्कूल | ८ | ९ | |
| ५ | आधुनिक नमूना एकेडेमी साइवाले | ६ | ७ | |
| ६ | श्री कमला मा. वि. तिनतले | ९ | १० | |
| ७ | सरस्वती प्रा. वि. शाखाजोर | ४ | ५ | |
| ८ | श्री मनकामना प्रा वि जरायोटार | ३ | ४ | |

**प्रस्ताव नं. ७ :** विद्यालय भौतिक पूर्वाधार सर्वेक्षण र नक्शाङ्कन सम्बन्धमा ।

**निर्णय :** नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० को दफा ९ बमोजिम स्थानीय तहमा पूर्वाधार हेर्ने समिति वा उपसमिति वा कार्यदलको संयोजकत्वमा स्थानीय तह स्तरीय पूर्वाधार समिति गठन गरी स्थानीय तहका प्रमुख उपप्रमुख सबै वडाअध्यक्ष, स्थानीय तह स्तरीय पूर्वाधार समितिको बैठक बसी आफ्नो स्थानीय तह भित्र सञ्चालन गर्न लागिएको विद्यालयहरुको भौतिक सर्वेक्षण र नक्शाङ्कनसम्बन्धी कार्यको साझा बुझाइ तयार गर्ने र कोही पनि बालबालिका नछुट्ने गरी विद्यालयको सेवाक्षेत्र निर्धारण गर्ने उल्लेख भएको हुँदा सो कार्य अघि बढाउन समितिलाई निदेशन दिने ।

**प्रस्ताव नं. ८ :** नेवा खानेपानी सम्बन्धमा ।

**निर्णय :** यस आर्थिक वर्ष २०८०/८१ मा कमलामाई नगरपालिका, उपभोक्ता समिति र नेवा बीच त्रिपक्षीय रुपमा सम्झौता भएका तपसिल बमोजिमका योजनाहरु प्राविधिक कार्यसम्पन्न भई तथा अनुगमन भई आएपछि नगरपालिकाबाट विनियोजित **सडक बोर्ड नेवा** लगायत अन्य कार्यक्रमका लागि **म्याचिङ्ग कार्यक्रम** शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।



सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

**तपसिलः**

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | नेवाको तर्फबाट | नगरपालिकाको तर्फबाट | उपभोक्ताको तर्फबाट | कुल लागत |
|---|---|---|---|---|---|---|
| १ | भूमेथान खानेपानी तथा सरसफाई आयोजना | ७ | ७४५२४०६ | ४५३००० | ३९४६१३८ | ११८५१५४४ |
| २ | सातधारा खानेपानी तथा सरसफाई आयोजना | १ | १४८०३१२ | १००५००३ | १३३३२४२ | ३८१८५५७ |
| ३ | काफ्लेटार स्वाँरा खानेपानी तथा सरसफाई आयोजना | १ | २२९३०५४ | ११५७९६९ | १४१८५६९ | ४८६९५७२ |
| ४ | ढुंग्रेभञ्ज्याङ्ग खानेपानी तथा सरसफाई आयोजना | २ | २७१५९२० | ९७१५१८ | १८३६४५८ | ५५२३८९६ |

**प्रस्ताव नं. ९ :** सिटिहल सम्बन्धमा ।

**निर्णय :** कमलामाई नगरपालिका, वडा नं.-६, खम्बेचौरीमा नगर विकास कोषको ऋण सहयोगमा निर्माणाधिन City Hall को म्याद थपको लागि सम्वन्धित निर्माण व्यवसायीबाट प्रतिवद्धता सहित निवेदन दर्ता भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क. मा उल्लेखित व्यवस्था अनुसार मिति २०८१/०६/१५ सम्म कार्य सम्पन्न गर्ने गरी कार्यतालिका, विमा र कार्य सम्पादन जमानत थप लिई म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० :** गैरी बजारको घर निर्माण सम्बन्धमा ।

**निर्णय :** कमलामाई नगरपालिका, वडा नं. ६ स्थित गैरीबजारमा क्षेत्रमा सडकको माथिल्लो क्षेत्रमा भवन निर्माणको लागि नक्सापास तथा अनुमति माग गरी निवेदन दर्ता भएकोमा सिन्धुलीमाढी वजार पुरानो वजार क्षेत्र भएको र सडकको तल्लो क्षेत्र (ग्वाङ्गखोला पट्टी) भवन निर्माण भईसकेको तथा सडक कालोपत्रे भई सकेको अवस्था रहेको छ । हाल निर्माण मापदण्ड अनुसार कार्यान्वयन हुँदा निर्माण भएको संरचनामा असर पर्न जाने भएको हुँदा हालको विद्यमान सडकलाई आधार मानी उल्लेखित सडकको सडक अधिकार क्षेत्र १२ मिटर

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कायम गर्ने र Setback ३ मिटर कायम गरी उल्लेखित क्षेत्रमा नक्सापास र भवन निर्माण अनुमति दिने साथै अन्यको हकमा विद्यमान मापदण्ड अनुसार नै गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :** वि.पी. राजमार्गको सडक चौचाई तोक्ने सम्बन्धमा ।

**निर्णय :** कमलामाई नगरपालिकाको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ अन्तर्गत अनुसूची-१ मा वि.पी. राजमार्गको सडक चौडाई ५० मि. रहेकोमा त्यसलाई संशोधन गरी वि.पी. राजमार्गको चौडाई नापी नक्शामा उल्लेखित नेपाल सरकारको तोकेको अनुसार ३० मिटर हुने र सडक सेटव्याक ६ मिटर कायम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :** विपत व्यवस्थापन राहत प्याकेज सम्बन्धमा ।

**निर्णय :** नगरपालिका क्षेत्र भित्रका बासिन्दाको आफू बसोबास गरिरहेको घर आगलागी भई पूर्ण रुपमा क्षति भएको अवस्थामा राहत प्याकेज स्वरुप प्रकोप व्यवस्थापन कोषबाट तपसिल बमोजिमको राहत प्याकेज उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

जस्ता : २.५ बण्डल

चामल : २५ के.जी.

तेल : ५ लिटर

दाल : २ के.जी.

नुहाउने साबुन : २ थान

लुगाधुने साबुन : २ थान

चिनी : २ के.जी.

त्रिपाल : १ थान

नुन : ५ प्याकेट

पिठो : ५ के.जी.

स्यानीटरी प्याड : १० प्याकेट



सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

[illegible] : १४ फि.

[illegible] : १ [illegible]

[illegible] : १ [illegible]

आर्थिक स्रोत : [illegible]

प्रस्ताव नं. १३ : ज्यालादारीमा कर्मचारी नियुक्ति सम्बन्धमा ।

निर्णय : कमलामाई नगरपालिका ८ नं. वडा कार्यालयको च.नं. १२५३, मिति २०८१/०१/२६ को पत्रबाट सो कार्यालयमा सहयोगी कर्मचारीको अभावमा नियमित कार्य सम्पादनमा असर परेको हुँदा अर्को व्यवस्था नभएसम्मका सोही वडा निवासी बोध बहादुर तामाङ तथा शान्तिमाया तामाङको छोरा चन्द्र कुमार तामाङलाई दैनिक ज्यालादारीमा कार्यालय सहयोगीको रुपमा सोही वडा कार्यालयको कामकाज गर्न लगाउने र नियमानुसार ज्याला भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. १४ : अनुमति सम्बन्धमा ।

निर्णय : यस कार्यालयमा अधिकृत स्तर सातौं तहमा कार्यरत श्री तुलसी प्रसाद कोइरालालाई कार्यालय समय बाहेक कार्यालयको कामकाजमा बाधा व्यवधान नपर्ने गरी कानून व्यवसाय गर्न र प्रमाणपत्र जारी गर्न सक्ने गरी निजलाई नेपाल कानुन व्यवसायी परिषद् कुपण्डोल, ललितपुरबाट जारी गरिने कानुन व्यवसाय अनुमतिको लागि सिफारीस दिने निर्णय गरियो ।

प्रस्ताव नं. १५ : अधुरो रंगशाला निर्माण सम्बन्धमा ।

निर्णय : कमलामाई नगरपालिका, वडा नं.-५, कालिमाटीमा बागमती प्रदेश सरकार, समाजिक विकास मन्त्रालयबाट रंगशालाको प्याराफिट निर्माण भई कमलामाई नगरपालिकालाई हस्तान्तरण भएकोमा सो स्थानमा कम्पाउण्डवाल निर्माण, खेल मैदान निर्माणको कार्य बाँकी रहेको तथा प्याराफिट समेत मर्मत गर्नु पर्ने अवस्था रहेको छ । रंगशालाको पूर्ण निर्माण सम्पन्न हुन नसकेको कारणबाट सिन्धुली जिल्लामा हुने खेलकूद गतिविधी संचालन गर्न कठीनाई उत्पन्न भएको र उक्त निर्माण कार्य सम्पन्न गर्न नगरपालिकाबाट मात्र सम्भव नहुने भएको हुँदा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौडा, मकवानपुरमा आवश्यक बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न गरिदिनको लागी अनुरोध गर्ने ।